# सामाजिक सुरक्षा कोष लगानी कार्यविधि, २०७७

प्रस्तावनाः सामाजिक सुरक्षा कोषमा जम्मा रहेको रकमलाई दक्षतापूर्ण तथा प्रभावकारी रुपमा परिचालन गर्नको लागि योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा ३२ को उपदफा (१) को प्रयोजनको लागि नेपाल सरकारले यो कार्यविधि बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः(१) यस कार्यविधिको नाम "सामाजिक सुरक्षा कोष लगानी कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि नेपाल सरकारबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अन्य कोष" भन्नाले कर्मचारी संचय कोष, नागरिक लगानी कोष लगायत स्वीकृत अवकाश कोषलाई सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ सम्झनु पर्छ ।

(ग) "कूल निक्षेप" भन्नाले बैङ्क वा वित्तीय संस्थाले चल्ती, बचत, मुद्दती र अन्य यस्तै खातामा जम्मा स्वीकार गरेको निक्षेपको कूल रकम सम्झनु पर्छ।

(घ) "घर सापटी" भन्नाले दफा ९ बमोजिम योगदानकर्तालाई प्रवाह गरिने घर सापटी सम्झनु पर्छ ।

(ङ) "जमानत कर्जा" भन्नाले दफा १४ बमोजिम प्रवाह गरिने जमानत कर्जा सम्झनु पर्छ ।

(च) "डिबेञ्चर लगानी" भन्नाले दफा ६ बमोजिम डिबेञ्चरमा गरिने लगानी सम्झनु पर्छ ।

(छ) "निष्क्रिय कर्जा (नन पर्फर्मिङ लोन)" भन्नाले परियोजना कर्जा अन्तर्गतको पुनरतालिकीकरण गरिएको, कमसल, शंकास्पद वा खराब कर्जा सम्झनु पर्छ ।

(ज) "परियोजना कर्जा" भन्नाले कुनै परियोजनाको लागि प्रदान गरिने जमानत कर्जा, संस्थागत कर्जा वा सह-वित्तीयकरण कर्जा सम्झनु पर्छ ।

(झ) “बैङ्क” भन्नाले प्रचलित कानून बमोजिम स्थापना भै सञ्चालनमा रहेको बैङ्क सम्झनु पर्छ ।

(ञ) “मुद्दती निक्षेप लगानी” भन्नाले दफा ४ बमोजिम मुद्दती निक्षेपमा गरिने लगानी सम्झनु पर्छ ।

(ट) “म्युच्युअल फण्डमा लगानी” भन्नाले दफा ७ बमोजिम म्यूच्युअल फण्डमा गरिने लगानी सम्झनु पर्छ ।

(ठ) “योगदानकर्ता सापटी” भन्नाले योगदानकर्तालाई प्रदान गरिने योगदानकर्ता विशेष सापटी, घर सापटी, शैक्षिक सापटी र सामाजिक कार्य सापटी सम्झनु पर्छ ।

(ड) “लगानी कोष” भन्नाले दफा १६ बमोजिमको लगानी कोष सम्झनु पर्छ ।

(ढ) “वित्तीय संस्था” भन्नाले प्रचलित कानून बमोजिम स्थापना भै सञ्चालनमा रहेको वित्तीय संस्था सम्झनु पर्छ ।

(ण) “संस्थागत कर्जा” भन्नाले दफा १५ को उपदफा (१) बमोजिम प्रवाह गरिने संस्थागत कर्जा सम्झनु पर्छ ।

(त) “सह-वित्तीयकरण कर्जा” भन्नाले दफा १५ को उपदफा (२) बमोजिम प्रवाह गरिने सह-वित्तीयकरण कर्जा सम्झनु पर्छ ।

(थ) “सङ्गठित संस्था” भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएको सङ्गठित संस्था सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम स्थापना भएको सङ्गठित संस्था वा कम्पनीलाई समेत जनाउँछ ।

(द) “सरकारी ऋणपत्रमा लगानी” भन्नाले दफा ३ बमोजिम सरकारी ऋणपत्रमा गरिने लगानी सम्झनु पर्छ ।

(ध) “सामाजिक कार्य सापटी” भन्नाले दफा ११ बमोजिम योगदानकर्तालाई प्रदान गरिने सामाजिक कार्य सापटी सम्झनु पर्छ ।

(न) “स्थिर सम्पत्तिमा लगानी” भन्नाले दफा ८ बमोजिम स्थिर सम्पत्तिमा गरिने लगानी सम्झनु पर्छ ।

(प) “शेयर लगानी” भन्नाले दफा ५ बमोजिम शेयरमा गरिने लगानी सम्झनु पर्छ ।

(फ) “शैक्षिक सापटी” भन्नाले दफा १० बमोजिम योगदानकर्तालाई प्रवाह गरिने शैक्षिक सापटी सम्झनु पर्छ ।

## परिच्छेद-२

## लगानी सम्बन्धी व्यवस्था

३. सरकारी ऋणपत्रमा लगानीः कोषले ऐनको दफा ३२ को उपदफा (१) को खण्ड (क) को अधीनमा रही नेपाल राष्ट्र बैङ्कबाट समय समयमा जारी हुने नेपाल सरकारको बिभिन्न ऋणपत्रमा लगानी गर्न र त्यस्ता ऋणपत्रहरु खरिद वा बिक्री गर्न सक्नेछ ।

४. मुद्दती निक्षेपमा लगानीः (१) कोषले ऐनको दफा ३२ को उपदफा (१) को खण्ड (ख) को अधीनमा रही मुद्दती निक्षेप वा दीर्घकालिन प्रकृतिका निक्षेपमा लगानी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कोषले मुद्दती निक्षेप वा दीर्घकालिन प्रकृतिका निक्षेपमा लगानी गर्दा नेपाल राष्ट्र बैङ्कबाट इजाजतपत्र प्राप्त "क" वर्ग र पुर्वाधार विकास बैङ्कमध्ये समितिबाट स्वीकृति प्राप्त देहाय बमोजिमका न्यूनतम मापदण्डहरु पुरा भएका बैङ्क र पुर्वाधार विकास बैङ्कमा लगानी गर्न सक्नेछः-

(क) सर्वसाधारणका लागि साधारण शेयर निष्काशन गरेको,

तर सर्वसाधारणका लागि साधारण शेयर निष्काशन गरी नसकेको अवस्थामा कोषसँग साधारण शेयर निष्काशन गर्ने समझदारीको सम्झौता गरी सकेपछि त्यस्तो बैङ्क वा वित्तीय संस्था निक्षेप योग्य संस्था मानिनेछ,

(ख) बैङ्कमा रहेको कोषको निक्षेप वा कूल निक्षेप अनुपात, संस्थागत निक्षेप वा कूल निक्षेप अनुपात, प्राथमिक पूँजी अनुपात, पूँजीकोष अनुपात, निष्कृय कर्जा अनुपात (नन पर्फर्मिङ लोन रेसियो), कर्जा, स्वदेशी निक्षेप तथा प्राथमिक पूँजी अनुपात (क्रेडिट टु कोर क्यापिटल एण्ड लोन रेसियो) र खुद तरल सम्पत्ति वा स्वदेशी निक्षेपको अनुपात र उत्पादनमूलक क्षेत्रमा गरिने लगानी अनुपात नेपाल राष्ट्र बैङ्कद्वारा तोकिएको मापदण्ड भित्र रहेको,

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि “पूँजीकोष” भन्नाले सम्बन्धित बैङ्क वा वित्तीय संस्थाको चुक्ता पूँजी, जगेडा कोष र अवितरीत मुनाफाको योग सम्झनु पर्छ ।

(ग) नेपाल राष्ट्र बैङ्कले कारोबारमा बन्देज नलगाएको, शीघ्र सुधारात्मक कारबाहीबाट फुकुवा भएको अवधि एक वर्ष पुरा भएको वा समस्याग्रस्त कारबाहीको स्थितिबाट फुकुवा भएको तीन वर्ष पुरा भएको र कोषको जोखिम विश्लेषणमा लगानीको लागि उपयुक्त देखिएको,

(घ) विगतमा कोषले मुद्दती निक्षेपमा लगानी गर्दा कोषलाई आवश्यक परेको समयमा वा म्याद समाप्त भए पश्चात निक्षेप रकम भुक्तान गर्ने, पाकेको व्याज रकम तथा भुक्तानी अवधि नाघेको निक्षेप रकम सोही दिन कोषको खातामा प्रविष्टी गर्ने र कोषसँगको अन्य कारोवार समयमा नै राफसाफ गरेको वा सो अनियमितता वापतको बिलम्व व्याज तथा कोषले निर्धारण गरेको अन्य शर्त पुरा गरेको/शुल्क बुझाई सकेको,

(ङ) सञ्चित नोक्सानी नरहेको संस्था ।

(३) कोषले मुद्दती निक्षेपमा लगानी गर्दा देहायको एकल पक्ष सीमाको अधीनमा रही गर्नु पर्नेछः-

(क) एक पटक निर्णय गर्दा समान ब्याजदर तोक्ने बैङ्क वा वित्तीय संस्थाहरु मध्ये एउटा बैङ्क वा वित्तीय संस्थाको हकमा कोषको जम्मा बोलकबोल रकमको बढीमा दश प्रतिशतसम्म लगानी गर्न सकिने,

तर यसरी लगानी गर्न पर्याप्त बोलपत्र प्राप्त नभएमा सोही सङ्ख्याको आधारमा दामासाहीले लगानी गर्न सकिनेछ ।

(ख) एउटा बैङ्क वा वित्तीय संस्थामा कोषको कूल मुद्दती निक्षेप लगानीको सात प्रतिशतभन्दा बढी नराखिने,

तर निजी क्षेत्रका बैङ्कहरु पर्याप्त संख्यामा उपलब्ध हुन नसके सरकारी स्वामित्वको बैङ्कमा कोषको कूल मुद्दती निक्षेप लगानीको पच्चीस प्रतिशतसम्म राख्न सकिनेछ ।

(ग) एउटा बैङ्क वा वित्तीय संस्थाको हकमा लगानीको निर्णय पश्चात कोषको सो बैङ्क वा वित्तीय संस्थामा रहेको कूल निक्षेप तथा डिबेन्चर वा प्रस्ताव पेश गर्ने बैङ्क वा वित्तीय संस्थाको चुक्ता पूँजी तथा जगेडा कोषको अनुपात बढीमा पचास प्रतिशतसम्म हुन सक्ने,

(घ) एउटा बैङ्क वा वित्तीय संस्थाको हकमा लगानीको निर्णय पश्चात कोषको सो बैङ्क वा वित्तीय संस्थामा रहेको कूल निक्षेप वा प्रस्ताव पेश गर्ने बैङ्क वा वित्तीय संस्थाको कूल निक्षेप अनुपात बढीमा पन्ध्र प्रतिशत सम्म हुन सक्ने ।

५. <u>शेयरमा लगानी:</u> (१) कोषले ऐनको दफा ३२ को उपदफा (१) को खण्ड (ग) को अधीनमा रही बैङ्क, वित्तीय संस्था, पुर्वाधार विकास र उत्पादनमूलक क्षेत्र वा अन्य सीमित दायित्व भएको कम्पनीको शेयरमा लगानी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कोषले शेयरमा लगानी गर्दा देहाय बमोजिम गर्न सक्नेछः-

(क) बैङ्क वा वित्तीय संस्था, नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा रहेका संस्थाबाट प्रवर्द्धन गरिएको जलविद्युत उत्पादन तथा प्रसारण परियोजना र मेडिकल कलेज जस्ता सिमित दायित्व भएको कम्पनीमा संस्थापक शेयर, साधारण शेयर, हकप्रद शेयर र अग्राधिकार शेयरमा लगानी गर्न सकिने,

(ख) खण्ड (क) बमोजिम शेयरमा लगानी गर्दा बैङ्क, वित्तीय संस्था वा अन्य सीमित दायित्व भएको कम्पनीबाट निस्कासित पूँजीको पन्ध्र प्रतिशतमा नबढ्ने गरी लगानी गर्न सकिने,

(ग) बैङ्क, वित्तीय संस्था वा सीमित दायित्व भएको कम्पनीले जारी गरेको शेयर प्राथमिक वा दोस्रो बजारबाट समेत खरिद वा बिक्री गर्न सकिने ।

(३) कोषले सार्वजनिक आव्हान मार्फत निष्काशन गरिएको शेयर (आइपिओ) मा लगानी गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) शेयर निस्काशन गर्ने संस्था प्रचलित कानून बमोजिम स्थापना भएको र त्यस्तो संस्थाको कुनै नियमनकारी निकाय भएमा सो निकायबाट ईजाजत प्राप्त गरेको हुनु पर्ने,

(ख) शेयर निष्काशनको विवरणपत्र नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको हुनुपर्ने,

(ग) शेयर निष्काशन गर्ने संस्थाको प्रति शेयर नेटवर्थ अङ्कित मूल्यभन्दा बढी हुनुपर्ने र प्रति शेयर आम्दानी शून्यभन्दा माथि हुनु पर्ने,

तर संस्थाको स्वीकृत विवरणपत्रमा उल्लेख गरिएको प्रक्षेपित वित्तीय विवरण अनुसार त्यस्तो संस्थाले भविष्यमा गर्न सक्ने व्यवसाय विस्तारको विश्लेषणको आधारमा कोषले थप अध्ययन तथा विश्लेषण गरी उपयुक्त देखिएमा लगानी गर्न बाधा पुग्ने छैन ।

(घ) जलविद्युत आयोजनाको प्राथमिक शेयर निष्काशनको हकमा त्यस्तो आयोजनाको प्रकार, क्षमता, प्रति मेगावाट लागत, लगानी फिर्ता भुक्तानी अवधि, प्राविधिक पक्षहरु (फ्लो, हेड, रन अफ रिभर वा प्लान्ट विथ रिजर्भिएर) तथा आयोजनाका संस्थापकहरुको पृष्ठभूमिको पनि अध्ययन गरी लगानी गर्नु पर्ने।

(४) कोषले हकप्रद शेयर (राइट शेयर) मा लगानी गर्दा उपदफा (३) मा उल्लिखित मापदण्डका अतिरिक्त त्यस्तो शेयरको बजार मूल्य सो शेयरको अङ्कित मूल्यभन्दा कम्तीमा बीस प्रतिशतले बढी हुनु पर्नेछ ।

<u>स्पष्टीकरण:</u> उपदफा (४) को प्रयोजनको लागि "शेयरको बजार मूल्य" भन्नाले त्यस्तो शेयरको कारोबार भएको पछिल्लो एक सय असी दिनको अन्तिम मूल्यको औसत मूल्य र शेयर कारोबार भएको निकटतम पछिल्लो दिनको अन्तिम मूल्य मध्ये जुन घटि छ सो मूल्य सम्झनु पर्छ ।

(५) कोषले फर्दर पब्लिक अफरिङ (एफपिओ) मा लगानी गर्दा उपदफा (३) र (४) मा उल्लिखित मापदण्डका अतिरिक्त त्यस्तो शेयरको विगत वर्षहरुको बजार मूल्यको उतारचढाव तथा औसत मूल्य र हालको शेयरको बजार मूल्यको तुलनात्मक विश्लेषण गरी लगानी गर्नु पर्नेछ ।

(६) लिलाम बिक्रीको माध्यमबाट खुल्ला भएका सर्वसाधारण तथा संस्थापक समूहका शेयरमा कोषले लगानी गर्दा त्यस्तो शेयरको विगत वर्षहरुको बजार मूल्यको उतारचढाब तथा औषत मूल्य र हालको बजार मूल्यको तुलनात्मक विश्लेषण गरी बोलकबोलमा उल्लेखित न्यूनतम प्रति शेयर दररेट तथा लगानी पश्चात सो कम्पनीले भविष्यमा दिन सक्ने प्रतिफललाई समेत आधार मानी फरक फरक दररेटमा आवेदन दिई लगानी गर्न सक्नेछ ।

(७) कोषले स्टक डिलरको काम गर्ने गरी सुरक्षणहरुको खरिद र बिक्री गर्न सक्नेछ ।

६. <u>डिबेञ्चर लगानी:</u> (१) कोषले ऐनको दफा ३२ को उपदफा (१) को खण्ड (ङ) को अधीनमा रही समितिले उपयुक्त ठहऱ्याएको प्रचलित कानून बमोजिम संस्थापित बैङ्क,

वित्तिय संस्था र अन्य सीमित दायित्व भएको कम्पनीले जारी गरेको डिबेञ्चरमा लगानी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कोषले डिबेञ्चरमा लगानी गर्दा देहायको मापदण्डको अधीनमा रही गर्नु पर्नेछः-

(क) डिबेञ्चर जारी गर्ने संस्थाको कुनै नियमनकारी निकाय भएमा सो निकायबाट ईजाजत प्राप्त गरेको हुनुपर्ने,

(ख) डिबेञ्चर जारी भएको विवरणपत्र नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको हुनुपर्ने,

(ग) डिबेञ्चर जारी गर्ने संस्था तीन वर्षदेखि लगातार नाफामा सञ्चालन भएको हुनुपर्ने,

(घ) डिबेञ्चर जारी गर्ने संस्थाको स्वःपूँजी डिबेञ्चर जारी गरिसकेपछि कम्तीमा चालीस प्रतिशत हुनुपर्ने,

(ङ) डिबेञ्चरको भुक्तानी अवधि तोकिएको हुनुपर्ने र त्यस्तो डिबेञ्चर निष्काशन पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सुचीकृत भएको हुनुपर्ने,

(च) क्रेडिट रेटिङ्ग मा डिबेञ्चरको जारी गर्ने संस्था कम्तीमा “वि” स्तर को हुनु पर्नेछ ।

(३) यस दफा बमोजिम कोषले डिबेन्चरमा लगानी गर्दा बैङ्क, वित्तीय संस्था वा अन्य सीमित दायित्व भएको कम्पनीको निस्कासित शेयर रकमको दश प्रतिशतले नबढ्ने गरी लगानी गर्न सक्नेछ ।

(४) कोषले बैङ्क, वित्तीय संस्था र अन्य सीमित दायित्व भएको कम्पनीले जारी गरेको डिबेञ्चर प्राथमिक तथा दोस्रो बजारबाट समेत खरिद वा बिक्री गर्न सक्नेछ ।

७. <u>म्युचुअल फण्डमा लगानीः</u> कोषले ऐनको दफा ३२ को उपदफा (१) को खण्ड (च) को अधीनमा रही स्वीकृति प्राप्त म्युचुअल फण्डमा लगानी गर्न सक्नेछ ।

८. <u>स्थिर सम्पत्तिमा लगानीः</u> (१) कोषले ऐनको दफा ३२ को उपदफा (१) को खण्ड (छ) को प्रयोजनको लागि उपयुक्त स्थानको पहिचान गरी योगदानकर्तालाई समेत हुने गरी व्यावसायिक आवास परियोजनामा लगानी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना सञ्चालन गर्ने भवन निर्माणको लागि आवश्यक पर्ने जग्गा समेत कोषले खरिद गर्न सक्नेछ ।

## परिच्छेद-३

## योगदानकर्ता सापटी सम्बन्धी व्यवस्था

९. घर सापटी : (१) कोषले ऐनको दफा ३२ को उपदफा (१) को खण्ड (ट) बमोजिम प्रवाह गर्ने योगदानकर्ता सापटीमध्ये घर सापटी प्रदान गर्दा योगदानकर्तालाई घर निर्माण गर्न, घर खरिद गर्न, संयुक्त आवासमा यूनिट खरिद गर्न वा आफ्नो स्वामित्वमा रहेको घरमा तला थप्न तथा मर्मत गर्नको लागि प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कोषले घर सापटी प्रदान गर्दा धितोले खामेसम्म पचहत्तर लाख रुपैयाँ वा पन्ध्र वर्षको तलब वा योगदानकर्ताको ६० वर्ष उमेर पुग्न बाँकी कार्य अवधिको तलबमध्येमा जुन कम हुन्छ सो बराबरको रकमसम्म प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रदान गरिने घर सापटी समितिले समय समयमा तोकेको क्षेत्रमा लागू हुनेछ।

१०. शैक्षिक सापटी: (१) कोषले ऐनको दफा ३२ को उपदफा (१) को खण्ड (ट) बमोजिम प्रवाह गर्ने योगदानकर्ता सापटीमध्ये शैक्षिक सापटी प्रदान गर्दा योगदानकर्ता आफै, निजको श्रीमान वा श्रीमती, छोरा र छोरीको लागि स्वदेश वा विदेशमा उच्च शिक्षा अध्ययन गर्नको लागि प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कोषले शैक्षिक सापटी प्रदान गर्दा धितोले खामेसम्म अधिकतम पैंतीस लाख रुपैयाँसम्म प्रदान गर्न सक्नेछ।

११. सामाजिक कार्य सापटी: कोषले ऐनको दफा ३२ को उपदफा (१) को खण्ड (ट) बमोजिम प्रवाह गर्ने योगदानकर्ता सापटीमध्ये सामाजिक कार्य सापटी प्रदान गर्दा योगदानकर्तालाई आफू वा एकाघर सगोलको परिवारका सदस्यको सामाजिक कार्य सम्बन्धी कार्य गर्नु पर्दा प्रदान गर्न सकिनेछ ।

तर यस प्रयोजनको लागि प्रदान गरीने सापटी अन्य कोषबाट स्वाप गर्ने प्रयोजनको लागि मात्र लागु हुनेछ ।

१२. योगदानकर्ता विशेष सापटी: कोषले ऐनको दफा ३२ को उपदफा (१) को खण्ड (ट) बमोजिम प्रवाह गर्ने योगदानकर्ता सापटीमध्ये योगदानकर्ताको कोषमा जम्मा भएको रकमको आधारमा समितिले तोकेको मापदण्डको अनुसार योगदानकर्ता विशेष सापटी प्रदान गरिनेछ ।

१३. योगदानकर्ता सापटी प्रवाह गर्ने मापदण्ड: (१) कोषले योगदानकर्तालाई योगदानकर्ता कर्जा सापटी प्रवाह गर्दा देहायको मापदण्ड अवलम्बन गर्नु पर्नेछः-

(क) कर्जा लिने व्यक्ति प्रचलित कानून बमोजिम बैङ्क, वित्तीय संस्था वा सहकारीको कर्जा भुक्तान नगरी कालोसूचीमा परेको हुन नहुने,

तर योगदानकर्ता विशेष सपाटीको हकमा यो मापदण्ड लागु हुने छैन।

(ख) कोषको वृद्ध अवस्था सुरक्षा योजनामा योगदान गर्ने व्यक्तिलाई त्यस्तो सापटी प्रवाह गर्दा कम्तीमा तीन वर्षसम्म लगातार योगदान गरेका योगदानकर्तालाई मात्र सापटी उपलब्ध गराउन सकिने,

तर अन्य कोषबाट कर्जा स्वीकार (स्वाप) गरेको अवस्थामा समयको हद लाग्ने छैन ।

(ग) योगदानकर्ता विशेष सापटी बाहेक अन्य कर्जाको हकमा पर्याप्त धितो वा जमानतको आधारमा सापटी प्रवाह गर्नु पर्ने,

(घ) योगदानकर्ता विशेष सापटी बाहेक अन्य सबै प्रकारका सापटीको कूल योग योगदानकर्ताको पन्ध्र वर्षको पारिश्रमिक वा ६० वर्ष उमेरसम्म कार्य अवधि सम्मको पारिश्रमिक वा एक करोड रुपैयाँमध्ये जुन कम हुन्छ सो रकम भन्दा बढी हुन नहुने,

(ङ) सापटी लागि पेश भएको निवेदन साथ कर्जा चुक्ता गर्न सकिने पर्याप्त आधार पेश भएको हुनु पर्ने,

(च) सापटीको लागि पेश गरिने निवेदनकासाथ रोजगारदाताले त्यस्तो कर्जाको साँवा र ब्याज भुक्तानीको लागि योगदानकर्ताको पारिश्रमिकबाट नियमित रुपमा रकम कट्टा गरी कोषमा रकम पठाउने लिखित प्रतिबद्धता गरेको पत्र समावेश भएको हुनु पर्ने,

(छ) योगदानकर्ता विशेष सापटी समितिले तोके बमोजिम उपलब्ध गराउन सक्नेछ ।

(२) कोषको हित तथा योगदानकर्ताको सुविधालाई दृष्टिगत गर्दै कोषले योगदानकर्ताका लागि सापटीका क्षेत्रहरु पहिचान गरी सापटी कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ।

(३) समितिले योगदानकर्तालाई उपलब्ध गराउने सापटी कार्यक्रमहरुमा समसामयिक सुधार, परिमार्जन र स्थगन समेत गर्न सक्नेछ।

(४) योगदानकर्ता सापटी उपलब्ध गराउँदा आवश्यक पर्ने धितो तथा त्यस्तो धितो मूल्याङ्कन गर्ने प्रकृया सञ्चालक समितिले निर्धारण गर्नेछ ।

परिच्छेद-४

## परियोजना कर्जा सम्बन्धी व्यवस्था

१४. जमानत कर्जाः कोषले ऐनको दफा ३२ को उपदफा (१) को खण्ड (ज) को अधीनमा रही प्रचलित कानून बमोजिम संस्थापित बैङ्क वा वित्तीय संस्थाको जमानतमा शर्त र ब्याज तोकी प्रचलित कानून बमोजिम स्थापना भएको कम्पनी वा सङ्गठित संस्थालाई जमानत कर्जा प्रवाह गर्न सक्नेछ ।

१५. संस्थागत वा सह-वित्तीयकरण कर्जाः (१) कोषले ऐनको दफा ३२ को उपदफा (१) को खण्ड (झ) को अधीनमा रही सञ्चालक समितिले उपयुक्त ठहऱ्याएको क्षेत्रमा पर्याप्त धितो वा जमानी लिई संस्थागत कर्जा प्रवाह गर्न सक्नेछ । यसरी कर्जा प्रवाह गर्दा कर्जा तिर्ने क्षमता भएको कम्पनीलाई परियोजना स्थापना र सञ्चालनको लागि स्थिर पूँजी कर्जा (फिक्स्ड क्यापिटल लोन), चालु पूँजी कर्जा (वर्किङ क्यापिटल लोन) वा चक्र कर्जा (रिभल्भिङ लोन) समेत प्रवाह गर्न सकिनेछ ।

(२) कोषले ऐनको दफा ३२ को उपदफा (१) को खण्ड (घ) को अधीनमा रही सञ्चालक समितिले उपयुक्त ठहऱ्याएको क्षेत्रमा प्रचलित कानून बमोजिम स्थापना भएको बैङ्क वा वित्तीय संस्थासँग मिली सह-वित्तीयकरणको आधारमा जोखिम तथा धितो विभाजन (पारिपासु) हुने गरी आपसमा सम्झौता गरी संयुक्त रूपमा सह-वित्तीयकरण कर्जा प्रवाह गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम कोषले संस्थागत कर्जा वा सह-वित्तीयकरण कर्जामा लगानी गर्दा देहायका प्राथमिकताका क्षेत्रमा लगानी गर्न सक्नेछः-

(क) उर्जामूलक क्षेत्रः जलविद्युत परियोजना, विद्युत प्रसारण लाइन परियोजना, सौर्य तथा नवीकरणीय उर्जा उत्पादन गर्ने उद्योग,

(ख) खानी जन्य क्षेत्रः स्वदेशमा क्लिङ्कर उत्पादन गरी सिमेन्ट उत्पादन गर्ने परियोजना,

(ग) पर्यटन क्षेत्रः हवाई सेवा, होटल, रिसोर्ट, केबुलकार, जल विहार सञ्चालन परियोजना,

(घ) निर्माण क्षेत्रः टोल हाईवे, द्रुतमार्ग, सुरुङ्गमार्ग, विमानस्थल परियोजना, रेलमार्ग आदि

(ङ) सूचना तथा प्रविधि क्षेत्रः आईटी पार्क र दूरसञ्चार सम्बन्धी परियोजना,

(च) सेवामूलक क्षेत्रः अस्पताल, नर्सिङ्ग होम, शिक्षण संस्था, मेडिकल कलेज, व्यापारिक भवन, आवासीय भवन वा अपार्टमेन्ट निर्माण सम्बन्धी परियोजना,

(छ) कृषि क्षेत्रः कृषि क्षेत्रमा रहेको स्रोत साधनलाई प्रवद्धन गर्ने खालका व्यवसायिक कृषि फर्म, कृषि प्रशोधन उद्योग र कृषि सामाग्री उत्पादन गर्ने उद्योग लगायतका परियोजना ।

(४) उपदफा (२) बमोजिम कोषले सह-वित्तीयकरण कर्जा प्रवाह गर्दा बैङ्क तथा वित्तीय संस्थाको नेतृत्वमा प्रवाह गर्न सक्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कोषले सह-वित्तीयकरण कर्जा प्रवाह गर्ने छैनः-

(क) लगानीकर्तामध्ये कै व्यक्ति ठेकेदार कम्पनीसँग सम्बन्धित रहेको भएमा,

(ख) जलविद्युत परियोजनको हकमा एउटै नदीमा सञ्चालित अलग अलग दुई वटा आयोजनामा,

तर एउटै कम्पनीले सञ्चालन गर्ने सोही नदीको अन्य परियोजनामा लगानी गर्न बाधा पर्नेछैन।

(ग) जलविद्युत परियोजनाको हकमा विद्युत खरिद सम्बन्धी शर्त तथा बन्देज (डिस्प्याचेबल क्लज) मा कुनै समयमा प्राधिकरणले विद्युत खरिद नगर्ने शर्त भएमा,

(घ) बीस मेगावाटभन्दा कम क्षमताको विद्युत परियोजनामा,

(ङ) कनेक्सन सम्झौता बमोजिमको सबस्टेशन तयार भई नसकेको एवं सबस्टेशन निर्माणको काम थालनी भई नसकेको विद्युत परियोजनामा,

(च) कम्तीमा तीस प्रतिशत स्वःपूँजी नभएको कुनै पनि परियोजनामा,

(छ) निजी कम्पनीबाट सञ्चालित परियोजनामा,

(ज) कोषको प्राथमिकतामा नपरेको परियोजनामा,

(झ) स्थानीयस्तरमा समस्या रहेको वा समस्या समाधान नभईसकेको परियोजनामा,

(ञ) व्यवसायिक सम्भाव्यता नदेखिएको परियोजनामा ।

(६) कोष सह-वित्तीयकरण कर्जामा सहभागी हुन कर्जा प्रवाह हुने कम्पनी वा परियोजनाको क्रेडिट रेटिङ एजेन्सीहरुबाट साख मूल्याङ्कन(क्रेडिट रेटिङ) भएको हुनु पर्नेछ ।

(७) कोष सहभागी हुने सह-वित्तीयकरणमा स्वःपूँजी कूल लागतको कम्तीमा तीस प्रतिशत हुनु पर्नेछ ।

## परिच्छेद-५

## लगानी कोष र कर्जा,सापटी तथा लगानीको क्षेत्रगत सीमा सम्बन्धी व्यवस्था

१६. लगानी कोषमा रहने रकमः कोष अन्तर्गत तरलताको व्यवस्थापनको लागि आवश्यक रकम छुट्टयाई हुन आउने लगानी योग्य रकम लगानी कोषको रुपमा रहनेछ।

१७. लगानी कोषमा रहने रकमको निर्धारणः (१) लगानी कोषमा रहने रकमको निर्धारण कोषले त्रैमासिक रुपमा गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषले सेयर वा डिबेन्चरमा लगानी गर्नु अघि वा परियोजनाकर्जा प्रवाह गर्नु अघि त्यस्तो रकम निर्धारण गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा(२) बमोजिम लगानी कोषमा रहने रकम निर्धारण गर्दा कोषमा अघिल्लो आर्थिक वर्षको अन्तमा बाँकी रहेको कूल रकममा देहाय बमोजिमको अल्पकालीन दायित्वको लागि आवश्यक पर्ने रकम छुट्याई बाँकी रहेको रकम लगानी कोषमा रहने गरी निर्धारण गरिनेछः-

(क) अघिल्लो आर्थिक वर्षको अन्तमा भूक्तानी हुन बाँकी कूल दाबी रकम,

(ख) बिमाङ्कीले गणना गरे बमोजिमको दायित्वमा यस आर्थिक वर्षको अन्त्य सम्ममा भुक्तानी गर्नुपर्ने सम्भावना रहेको दायित्वको कूल रकम,

१८. लगानी गर्न सकिनेः दफा १७ को उपदफा (३) बमोजिम अल्पकालिन दायित्वको रकमलाई कोषले सरकारी ऋणपत्र वा अल्पकालीन उपकरणमा लगानी गर्न सक्नेछ ।

तर यसरी लगानी गरिएको रकम कोषको लगानी सीमाभित्र गणना हुने छैन।

१९. कर्जा तथा लगानीको क्षेत्रगत सीमाः (१) लगानी कोषमा रहेको रकम कर्जा प्रवाह गर्ने वा लगानी गर्ने क्षेत्रगत सीमा अनुसूचीमा उल्लेख गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम कर्जा तथा लगानीका क्षेत्रगत सीमाहरु यो कार्यविधि लागु भएको मितिले पाँच वर्षभित्र कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

२०. <u>एकल ग्राहक कर्जा सीमाः</u> (१) कोषले सङ्गठित संस्थालाई परियोजना कर्जा प्रवाह गर्दा देहायको एकल ग्राहक कर्जा सीमाको अधीनमा रही प्रवाह गर्नु पर्नेछः-

(क) संस्थागत कर्जा तीन अर्ब रुपैयाँसम्म,

(ख) सह-वित्तीयकरण कर्जा तीन अर्ब रुपैयाँसम्म,

(ग) जमानत कर्जा पच्चीस करोड रुपैयाँसम्म ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको लागि "एकल ग्राहक कर्जा सीमा" भन्नाले कोष बाट ऐनको दफा ३२ को उपदफा (१) को खण्ड (घ), (ज) वा (झ) बमोजिम कुनै सङ्गठित संस्थालाई परियोजना स्थापना र सञ्चालनको लागि आवश्यक पर्ने स्थिर पूँजी कर्जा, चालु पूँजी कर्जा तथा चक्र कर्जा दिन सकिने अधिकतम सीमा सम्झनु पर्छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएको सङ्गठित संस्था वा त्यस्तो संस्थाको शेयर लगानीमा स्थापना भएको कम्पनीलाई कोषबाट कर्जा प्रवाह गर्दा एकल ग्राहक कर्जा सीमा लागू हुने छैन ।

परिच्छेद-६

<u>कर्जा, सापटी तथा लगानीको जोखिम व्यवस्थापन सम्बन्धी व्यवस्था</u>

२१. <u>कर्जा तथा लगानीको जोखिम व्यवस्थापनको विधि र प्रक्रियाः</u> (१) समितिले यस कार्यविधि अनुरुप प्रवाह हुने वा भएका कर्जा, सापटी वा लगानीका जोखिम व्यवस्थापनको लागि आवश्यक विधि र प्रक्रिया निर्धारण गर्नु पर्नेछ ।

(२) कोषले मुद्दती लगानी गर्न स्वीकृति पाएका "क "वर्गका बैङ्क वा वित्तीय संस्थाको त्रैमासिक रुपमा जोखिम विश्लेषण गर्नु पर्नेछ ।

२२. <u>परियोजना कर्जा वर्गीकरण र नोक्सानी सम्बन्धी व्यवस्थाः</u> कोषबाट परियोजना कर्जा अन्तर्गत प्रवाह भएका जमानत कर्जा, संस्थागत कर्जा र सह-वित्तीयकरण कर्जाको कर्जा वर्गीकरण (लोन क्लासिफिकेशन) र कर्जा नोक्सानी व्यवस्था (लोन लस प्रोभिजन) नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थाको लागि समय समयमा जारी गरेको निर्देशनमा भएको व्यवस्था बमोजिम हुनेछ।

२३. <u>योगदानकर्ता सापटीको वर्गीकरण र जोखिम व्यवस्थाः</u> (१) कोषबाट योगदानकर्तालाई सामाजिक सुरक्षाको अवधारणाबाट प्रवाह भएका योगदानकर्ता

सापटीमा निहीत जोखिम व्यवस्थापनका लागि देहायको रकम जगेडाको रुपमा छुट्याएर राख्नु पर्नेछः-

| कर्जा विवरण | जोखिम व्यवस्था |
|---|---|
| (क) ब्याज नियमित भुक्तानी भएका सम्पूर्ण सापटी | एक प्रतिशत |
| (ख) एक वर्षको अवधिले ब्याज भुक्तानी नभएका सापटी | पाँच प्रतिशत |
| (ग) दुई वर्षको अवधिले ब्याज भुक्तानी नभएका सापटी | पच्चीस प्रतिशत |
| (घ) तीन वर्षको अवधिले ब्याज भुक्तानी नभएका सापटी | पचास प्रतिशत |
| (ङ) चार वर्ष भन्दा बढी अवधिले ब्याज भुक्तानी नभएका सापटी | सय प्रतिशत |

(२) कुनै योगदानकर्ताले लिएको योगदानकर्ता सापटी चुक्ता नगरी अवकाश भई सम्झौता बमोजिमको अवधि भित्र सापटी चुक्ता नगरेमा त्यस्ता कर्जामा शत प्रतिशतका दरले कर्जा जोखिम व्यवस्था गरिनेछ ।

(३) कोषबाट प्रवाह भएको योगदानकर्ता सापटीमा कुनै कारणले जोखिम देखिएमा थप जोखिम व्यवस्थाको लागि समितिले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

२४. लगानीको वर्गीकरण तथा जोखिम व्यवस्थाः (१) कोषले सरकारी ऋणपत्रमा गरेको लगानीमा जोखिमको व्यवस्था गरिने छैन ।

(२) शेयरमा गरिएको लगानीको परल मूल्यभन्दा बजार मूल्य आर्थिक वर्षको अन्त्यमा कम भई फरक परेमा कम भएको लगानी रकममा शत प्रतिशत जोखिम व्यवस्था गरिनेछ ।

(३) कोषले बैङ्कमा राखेको मुद्दती निक्षेपको अवधि समाप्त भई वा अन्य कुनै कारणबाट कोषले फिर्ता भुक्तानी माग गरेको तीन महिनाभित्र फिर्ता हुन नसकेमा यस्तो मुद्दती निक्षेपको लगानीमा शत प्रतिशत जोखिम व्यवस्था गरिनेछ ।

२५. कर्जा तथा लगानी नोक्सानी व्यवस्थालाई समायोजन गर्न सकिनेः कोषले प्रवाह गरेका कर्जा तथा लगानीमा यस कार्यविधि बमोजिम नोक्सानी व्यवस्था गरेकोमा देहाय बमोजिमको अवस्थामा कोषको आय विवरणमा वा अन्य शीर्षकमा समायोजन गर्न सकिनेछः-

(क) कर्जा वा लगानी असुल उपर भएमा,

(ख) समितिको सिफारिसमा सम्बन्धित मन्त्रालयवाट निर्णय भएमा।

## परिच्छेद-७

## विविध

२६. कोषबाट कर्जा तथा सापटी प्रवाह नहुने: यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कोषले देहायका उद्योग, परियोजना, संस्था, व्यक्ति वा कम्पनीलाई कर्जा प्रवाह गर्ने छैनः-

(क) मदिराजन्य वा सूर्तिजन्य उद्योग,

(ख) क्यासिनो वा जुवा खेलाउने संस्था,

(ग) लिजमा लिएको जग्गा, मोही लागेको जग्गामा सञ्चालन हुने परियोजना,

तर जलविद्युत परियोजनाको हकमा यो व्यवस्था लागू हुने छैन ।

(घ) राजनीतिक दल वा राजनीतिक उद्देश्यले स्थापित संस्था,

(ङ) प्रचलित कानून बमोजिम कालोसूचीमा रहेको व्यक्ति वा कम्पनी,

तर कालोसूचीबाट फुकुवा भएको एक वर्ष पूरा भएपछि त्यस्तो व्यक्ति वा कम्पनीलाई कर्जा प्रवाह हुन सक्नेछ ।

(च) हात हतियार, विष्फोटक पदार्थ तथा खरखजना उद्योग,

(छ) प्रचलित कानूनद्वारा बन्देज गरिएका अन्य उद्योग ।

२७. कर्जा स्वाप नहुने: कोषसँग कर्जा माग गर्ने सङ्गठित संस्थालाई अन्य बैङ्क वा वित्तीय संस्थाबाट लिएको कर्जा तिर्ने प्रयोजनको लागि कोषबाट परियोजना कर्जा प्रवाह हुने छैन ।

तर योगदानकर्ता सापटीको हकमा यो व्यवस्था लागू हुने छैन्।

२८. स्थिर पूँजी कर्जा, चालु पूँजी कर्जा तथा चक्र कर्जा: कर्जा तिर्न सक्ने क्षमता भएको सङ्गठित संस्थाले स्थिर पूँजी कर्जा, चालु पूँजी कर्जा वा चक्र कर्जा माग गरेमा सो कर्जा रकमलाई खाम्ने घर, जग्गाको पर्याप्त धितो वा जमानीमा मात्र कोषले कर्जा प्रवाह गर्नेछ ।

२९. धितोमा रहने जग्गा, भवन वा मेशिनरीको मूल्याङ्कन: कोषले प्रवाह गर्ने संस्थागत कर्जा वा सह-वित्तीयकरण कर्जा अन्तर्गत धितोमा रहने जग्गा, भवन वा मेशिनरीको मूल्याङ्कन गर्ने प्रकृया समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

३०. कर्जा, सापटी वा लगानीको स्थगनः (१) देशको आन्तरिक वा बाह्य कारणले कर्जा वा लगानीको कुनै क्षेत्र जोखिमपूर्ण लागेमा समितिले त्यस्तो क्षेत्रमा निश्चित समयको लागि कर्जा प्रवाह वा लगानी स्थगन गर्न सक्नेछ ।

(२) कर्जा प्रवाह गर्ने वा लगानी गर्ने निर्णय गरेपछि कोषलाई कर्जा वा लगानी सम्झौता वा प्रचलित कानून तथा कुनै मनासिब कारणले कर्जा वा लगानीमा जोखिम निहीत छ भन्ने लागेमा समितिले यस्तो कर्जा वा लगानी गर्ने निर्णयलाई स्थगन गर्न सक्नेछ ।

३१. कर्जा, सापटी तथा लगानीको निणर्य र असुली प्रकृयाः समितिले यस कार्यविधि बमोजिम प्रवाह भएका कर्जा, लगानी र असुली सम्बन्धमा आवश्यक मार्गदर्शन निर्धारण गर्नेछ ।

३२. कोषको लगानी तथा असुली सम्बन्धी विशेष व्यवस्थाः लगानी तथा असुली कार्यलाई प्रभावकारी बनाउन कोषले उपयुक्त सङ्गठनात्मक संरचना, सक्षम जनशक्तिको व्यवस्था, विशेष कार्यनीति अवलम्बन गर्नु पर्नेछ ।

३३. तरलता व्यवस्थापनः कोषले यस कार्यविधि अनुरुपका क्षेत्रमा कर्जा वा लगानी प्रवाह गर्दा व्यवस्थापन गर्नुपर्ने तरलताको सीमा समय समयमा समितिले निर्धारण गरे बमोजिम हुनेछ।

३४. अनुसूची हेरफेर गर्न सक्नेः समितिले यस कार्यविधिको अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

अनुसूची

(दफा १९ उपदफा (१) सँग सम्बन्धित)

| जोखिमको वर्गीकरण | कर्जा, सापटी वा लगानीका क्षेत्रहरु | लगानी कोषमा रहेको रकम मध्ये लगानी गर्न पाउने अधिकतम सीमा (प्रतिशतमा) |
|---|---|---|
| "क"वर्ग | | |
| | सरकारी ऋणपत्रमा लगानी | २० |
| | मुद्दती निक्षेपमा लगानी | २० |
| | म्युच्युअल फण्डमा लगानी | १० |
| | स्थिर सम्पत्तिमा लगानी | १० |
| | जमानत कर्जा | ५ |
| "ख"वर्ग | | |
| | शेयरमा लगानी | १० |
| | डिबेञ्चरमा लगानी | १० |
| | योगदानकर्ता सापटी | १५ |
| "ग"वर्ग | | |
| | सह-वित्तीयकरण कर्जा | १० |
| | संस्थागत कर्जा | ५ |